# स्वतन्त्र लेखन प्रतियोगिता

## (विषय : कोरोना महामारी र हाम्रो भविष्य)

### परिवेश

कोरोना भाइरस (कोभिड-१९) ले विश्वमा महामारीको रुप लिएको छ । विश्वभर दैनिक हजारौं मानिसलाई यो रोगको संक्रमण भईरहेको छ भने यहि रोगका कारण दैनिक सयौं मानिसको ज्यान गइरहेको छ ।

यस महामारीले नेपाल र नेपालीलाई पनि सताएको छ । सरकारले देशभर लकडाउन गरी सर्बसाधारणलाई घरबाहिर निस्कन रोक लगाएको छ । सरकारले अत्यावश्यक बाहेकका सेवा बन्द गर्न र प्रविधिको प्रयोग गरी मिल्नेसम्मका सबै काम घरबाट गर्न आह्वान गरेको छ ।

### उद्देश्य

उल्लेखित परिवेशमा अधिकांश नेपाली घरमा नै बसेर अनलाईनबाट विश्वभरको सूचना लिने, कोरोना संक्रमणको महामारीबाट आफू कसरी जोगिने र अरुलाई कसरी जोगाउने भनेर सोचिरहेका छन् । कैयौं नेपालीहरु कोरोना संक्रमणबाट अरुलाई बचाउन आ-आफ्नो ठाउँबाट प्रशंसनीय भूमिका खेलिरहेका छन् ।

यस परिवेशमा Bikashnews.com ले **'कोरोना महामारी र हाम्रो भविष्य'** विषयमा राष्ट्रव्यापी स्वतन्त्र लेखन प्रतियोगिता गर्न गईरहेको छ । कोरोना संक्रमण फैलनबाट बच्न सरकारले सर्वसाधारणलाई हिँडडुल गर्न रोक लगाएको र विश्वभर फैलिएको महामारीले सबैलाई त्रसित बनाएको परिस्थितिमा मानिसहरुलाई सिर्जनात्मक कार्यमा सक्रिय गराउने, महामारीको प्रतिकारका लागि नयाँ सोच, विचार अगाडि सार्ने र सरकारलाई पनि सहयोग गर्ने उद्देश्यले स्वतन्त्र लेखन प्रतियोगिता गर्न लागिएको हो । इच्छुक नेपालीले आलेख, निबन्ध, कथा, नाटक, संस्मरण कविता वा अन्य कुनै पनि शैलीमा आफ्ना प्रस्तुती राख्न सक्नेछन् ।

### सीमा

यस खुला स्वतन्त्र लेखन प्रतियोगितामा सबै नेपाली नागरिकले भाग लिन पाउनेछन् । १८ वर्षभन्दा कम उमेरका तर नागरिकता लिन बाँकी रहेका विद्यार्थीहरुले पनि भाग लिन पाउनेछन् । प्रवासमा बसेको नेपाली नागरिकहरुले पनि यस प्रतियोगितामा भाग लिन पाउनेछन् । सकारात्मक सोच र सिर्जनात्मक स्वतन्त्र लेखनलाई उच्च प्राथमिकता दिइने छ ।

स्वतन्त्र लेखन **'कोरोना महामारी र हाम्रो भविष्य'** विषयमा केन्द्रीत हुनुपर्नेछ । यसमा कोरोना महामारीको विश्वव्यापी अवस्था, नेपालको अवस्था, यसबाट बच्ने उपायहरु, यस महामारीले विश्व समुदायमा ल्याएको चुनौतिहरु, नेपालमा अगाडि देखिएका चुनौतिहरु, यसले विश्वलाई दिएको सन्देशहरु, विश्व अर्थतन्त्र र नेपाली अर्थतन्त्रमा पार्ने प्रभावहरु, मानव सभ्यता र संस्कृतिमा पार्ने असरहरु, मानवजातिको भविष्यमा थपिएका चुनौतिहरु, वातावरण र

जीवजगत्मा पर्ने असर लगायतका विषयहरु समेट्नु पर्नेछ । स्वतन्त्र लेखनको साथ विषयबस्तु सँग मेल खाने फोटोहरु (कम्तिमा १ र बढीमा ५ वटा) पठाउनु पर्नेछ ।

## सर्तहरु

स्वतन्त्र लेखन कम्तिमा आलेख, निबन्ध, कथा, नाटक, संस्मरण कम्तिमा १५०० र बढीमा ३००० शब्दको हुनुपर्नेछ भने अन्य प्रस्तुतिको लागि न्युनतम सीमा तोकिएको छैन । यस अघि अन्य माध्यममा प्रकाशन भइसकेका लेख/रचना स्वीकार्य हुने छैन । अरुको लेख रचना साभार वा चोरी गर्न पाइने छैन, त्यस्तो पाइएमा त्यसको सम्पूर्ण जिम्मेवारी लेखकले लिनुपर्नेछ । लेखकले आफ्ना सिर्जना माइक्रोसफ्ट वर्ड फाइलमा नेपाली भाषामा (फन्ट-प्रिति, साइज-१६ प्वाइन्ट) टाइप गरी editor.bikashnews@gmail.com मा इमेल गर्नुपर्नेछ । २०७७ बैशाख ७ गते सम्म इमेलमा प्राप्त स्वतन्त्र लेखनहरु प्राप्त भएको मिति/समयका आधारमा सूचिकरण (First Come First Post) गरी स्तरीय सिर्जनाहरु bikashnews.com को स्वतन्त्र लेखन विशेष पेजमा प्रकाशित गरिनेछ । सम्पादकीय महत्वको आधारमा स्वतन्त्र लेखनलाई मुख्य समाचारको स्थानमा समेत प्रकाशन हुन सक्नेछ । प्रकाशित सबै स्वतन्त्र लेखनहरु विकासन्युजको फेसबुक पेज र ट्वीटर पेजमा एक/एक पटक सेयर गरिनेछ ।

## उत्कृष्ट स्वतन्त्र लेखन छनौट

प्राप्त लेख रचनाहरुको तीन चरणमा छनौट हुनेछ । पहिलो चरणमा सम्पादकीय तहबाट प्रकाशन योग्य लेख रचना छनौट गरि विकासन्युजमा प्रकाशित गरिनेछ । दोस्रो चरणमा पाठकको प्रतिक्रिया, फेसबुक सेयर, ट्वीट तथा कमेन्ट र सम्पादकीय मूल्याङकनका आधारमा छनौट गरिनेछ । तेस्रो चरणमा स्वास्थ्य, साहित्य, आर्थिक लगायतका क्षेत्रमा प्रसिद्ध व्यक्तिहरु सहभागि विज्ञ समूहको मूल्याङकन, पाठक प्रतिक्रिया र सम्पादकीय मूल्याङकनको अङ्कभार जोडबाट छनौट हुनेछ ।

## पुरस्कार र सम्मान

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने लेखकहरुलाई क्रमश: १ लाख, ५० हजार र २५ हजार रुपैयाँ पुरस्कार सहित सम्मान गरिनेछ । फरक फरक विधामा उत्कृष्ट एक/एक जनालाई आकर्षक उपहार र प्रमाणपत्र दिइने छ । २०७७ असार २९ गते सोमबार भानु जयन्तीको दिन उत्कृष्ट स्वतन्त्र लेखनको छनौट, घोषणा तथा पुरस्कार प्रदान कार्यक्रम आयोजना गरिनेछ ।

आयोजक

BikashNews

ईमेल : editor.bikashnews@gmail.com

वेबसाइट : www.bikashnews.com फोन : ०१-४२१५८६४